# देवघाट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

च.नं.:

मिति:...............................


## !! सूचना !! !! सूचना !! !! सूचना !!

(दोस्रो पटक प्रकाशित मिति: २०८०/११/२३)

चालु आ.व. २०८०/८१ को राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रममा "अति विपन्न तथा पछाडी पारिएका समुदायका महिलाहरु र कोभिड-१९ बाट प्रभावित समेतको लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम" संचालन गर्नका लागि इच्छुक संस्थाहरुले निम्न आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातहरु:**

- संस्थाले प्रस्ताव पेश गर्दा कार्यक्रमको अवधारणा पत्र व्यवसायिक योजना सहित प्रस्तावको ढाँचा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७को अनुसुची-२ बमोजिम हुनुपर्नेछ ।
- संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रकृया भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण । प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण ।
- प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन ।
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकाय बाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारी स्रोत सहितको यथार्थ विवरण ।
- कालो सूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा ।
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरि व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरि सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

नोट: "राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७" महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेवसाइट (www.mowcsc.gov.np) मा प्राप्त गर्न सकिनेछ ।

२०८०/११/२२

..............................

गौरी प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

गौरी प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत


फोन: ०५६-५०००६८, ५०००७२

इमेल: devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइट: devghatmun.gov.np